राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३३३ | २०८३ साउन ३० गते शनिवार | (Saturday, 15 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## मधेशमा कर्मचारीको तलब १० प्रतिशतले वृद्धि

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, साउन २९ गते ।*




मधेश प्रदेश सरकारले प्रदेश निजामती तथा स्थानीय सेवाका कर्मचारीको सुरु स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश भवनमा शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यको बुँदा नम्बर १११ मा गरिएको नीतिगत व्यवस्थाअनुसार साउन १ गतेदेखि लागू हुने निर्णय गरेको हो ।

कर्मचारीको नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड सङ्ख्या स्वीकृत गरेको मन्त्री परिषद्का प्रवक्ता अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए । स्थानीय सेवाका कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ (८) बमोजिम निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिने उनले बताए ।

त्यसैगरी, प्रदेश सरकारले कर्मचारीलाई कार्यसम्पादनका आधारमा सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म प्रोत्साहन भत्ता दिने कार्यविधि पनि स्वीकृत गरेको छ । कार्यसम्पादन मूल्याङ्कनमा १०० अङ्कमध्ये कम्तीमा ७५ अङ्क प्राप्त गर्ने कर्मचारीले मात्रै यस्तो भत्ता पाउनेछन् ।

कार्यसम्पादन मूल्याङ्कनमा कार्य विवरण परिसूचकलाई ५० र वैयक्तिक तथा सार्वजनिक सेवा प्रवाह परिसूचकलाई ५० अङ्क दिइएको छ । प्रोत्साहन भत्ता प्राप्त गर्न विद्युतीय हाजिरी अनिवार्य गरिएको छ । मूल्याङ्कन, रुजु तथा सिफारिसका लागि प्रत्येक कार्यालयमा तीन सदस्यीय परीक्षण इकाइ गठन गर्न सिफारिस गरिएको छ ।

बैठकले सरकारी खर्चमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न 'मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' समेत स्वीकृत गरेको छ । निर्देशिकाले सरकारी बजेट कार्यान्वयन र खर्चलाई व्यवस्थित गर्दै फजुल खर्च नियन्त्रणमा सहयोग पुग्ने सरकारको अपेक्षा छ । यस्तै, जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेको असर

*- बाँकी पृष्ठ ४ मा*

**मिटरब्याजको लफ्डा**

## एकै परिवारका तीनजना जेल चलान

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन २९ गते ।*

जनकपुरधामबाट मिटरब्याजी आरोपमा पक्राउ परेका एकै घरका तीन जनालाई धनुषा जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ । जनकपुरधाम उपमहानगरपालिका-१६ कपिलेश्वरकी ४८ वर्षीया रेखा साह, उनका छोरा ३२ वर्षीय हरेराम साह र जेठाजु ५३ वर्षीय गोपाल साहलाई अदालतले पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको हो ।

ठगी (अनुचित लेनदेन) र आपराधिक विश्वासघात मुद्दामा गत १ साउनमा उनीहरूलाई धनुषा प्रहरीले पक्राउ गरेको थियो ।

बुधबार र बिहीबार भएका थुनछेक बहसपछि धनुषा जिल्ला अदालतले तीनै जनालाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको हो । इजलास नम्बर ११ की न्यायानीधश हिरामाया अवालको इजलासले यस्तो आदेश दिएको हो ।

दुईदिनसम्म मिटरब्याज पीडितहरू तथा पक्राउ परेकापक्षका मानिसहरू जिल्ला अदालत अगाडि प्रदर्शन गरेका थिए । यो मुद्दामा जाहेरवाला नेपाल प्रहीका पूर्वएसपएसपी गोबिन्दकुमार साहसमेत छन् । विदेह नगरपालिका

*- बाँकी पृष्ठ ४ मा*


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समभ्कदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**


नेपाल सरकार
**विज्ञापन बोर्ड**






## हार्दिक स्वागत

मधेशको कैलास 'टुटेश्वर' एवं नेपालको बाबाधामस्थित टुटेश्वरनाथ महादेव मन्दिरको दर्शन, पूजा–आराधना तथा श्रावणी बोलबम मेलामा सहभागी हुन आउनुहुने सम्पूर्ण श्रद्धालु भक्तजनहरूलाई हार्दिक स्वागत तथा मंगलमय शुभकामना ।



**रामकुमार कार्की,** *अध्यक्ष*
**पूर्व कर्मचारी समाज**
**बर्दिबास, महोत्तरी**

## कविता



# प्यारो हजुरआमा

***

मोनिका श्रेष्ठ
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

हाम्रो परिवारको मायाको खानी हुनुहुन्छ
निस्वार्थ भावले शीतलता दिनुहुन्छ
सबैको ख्याल गर्नु उहाँको दैनिकी हो
वास्तविक प्यारो हजुरआमा हो।

गलत बाटो हिड्न नदिने
उन्नतिको आशीर्वाद दिने
ज्ञान दिने कथा सुनाउने
मिठो खाने कुरा हामीलाई दिने।

राम्रो बाटो हिड्न सिकाउने
आफ्नो भोगाइका भावना साट्ने
असल काम गर्ने प्रेरणा दिने
हाम्रो भाग्य दिने हुन उनै।

हजुरआमाले पकाएको खाना स्वादिष्ट
खाएपछि हुने मन सन्तुष्ट
हामीलाई गर्नु हुन्छ असाध्यै प्रेम
कहिल्यै बिर्सन्न म हजुरआमा।

## कविता



# आमा जस्तै चन्द्रमा

***

सृष्टि बराल
जनता साहित्यिक मञ्च गौरिडाँडा माथिल्लो
सदन बर्दिवास, महोत्तरी

हे चन्द्रमा तिमी त मेरी आमा जस्तै छौ
आमाको जस्तै अगाडि बढ्न बाटो देखाउने उज्यालो हौ
आमाको याद आउँदा म तिमीलाई नै हेर्छु
एक झल्को हेरेपछि म आफ्नो मन बुझाउँछु।

म मा आइपरेका समस्या तिम्रो सामु पोख्छु
किनकि सबै समस्याको समाधान तिमी मा देख्छु
थाहा छैन मेरा कुरा आमासम्म पुग्छ पुग्दैन
तर मेरो कुरा सुन्ने लाग्छ अरु कोही छैन।

मेरो मनका भित्री पीडा मेरी आमालाई सुनाइ देउ
मेरो सबै हाल खबर उहीं पुर्याई देउ
यही कुरा बिन्ती गरें जे जो सोचें मनमा
मेरो मनको भाव बुझ्नु आमा जस्तै चन्द्रमा।

## कविता



# अन्तराष्ट्रिय युवा दिवस

***

शम्भु ठाकुर
मिथिला न.पा.–९, बेंगाडाबर

उठु युवा जागु युवा, आब देश बनाब के है,
नयाँ जोश आउर उमङ्ग से नयाँ युग लाब के है।
हात मे हात मिलाक, अगारी बरह के बेर यलै,
परिवर्तन के इ लहर से, पूरा देश छा गेलै ।

अनहार के चिरक, इजोत छिट परतै ,
हरेक बाधा आउर समसिया के, पार कर परतै ।
अपना सब के कनहा पर है जिम्मेवारि, इ देश के भविष्य,
सफलता के शिखर चुम के, इ हे है जरुरी लक्ष्य।

गाउँ घर सरसफाइ साथे, माठ मन्दिर चमकाब पर तै,
भ्रस्टाचारी आउर देह व्यपारी के, अपना बजार से हटाब पर तै ।
दहेज प्रथा आउर कुप्रथा के अपना समाज स, अन्त कर पर तै,
रन्ड बिरङगी सांस्कृतिक
अपन, इनसानियत के लाज बचाब पर तै।

श्रम आउर सीप आपने माइट मे, लगानी लागब पर तैं
नेपाल माइ के मुह पर, खुसी भरपर तै।
उठु युवा जागु युवा, आब समय अपना सब के है,
सुन्दर आउर समृध्द नेपाल बनाबके, पार अपने सब के है ।

## कविता



# म

***

लक्ष्मी साह
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

गलत बाटो सजिलो भएपनि त्यतातिर पाइला सार्दिन
किनकि नैतिकवान छु म।

समयसँगै सम्झौता गरेर
आफ्नो आत्मालाई बेच्न सक्दिनँ
किनकि सिद्धान्तलाई पच्छ्याउने व्यक्ति हुँ म।

झुटो जमातमा पनि सत्यको पछाडि लाग्ने
सबैसँग हाँसीखुसी बस्न सक्ने
निस्वार्थी र इमान्दार छु म।

नसम्झनु मेरो सरलताई कमजोरी र मौनतालाई मुर्खता
सिद्धान्त निष्ठ छु म।

यहाँ मेरो इमान्दारितालाई सस्तो र सिद्धान्तलाई खराब भनिँदैछ किन?
म नै असफल हुँदै पछि पर्छु
छल गर्नेहरु अगाडि पुग्छन्
तर सत्यको भारी बोक्नेहरु बाटोमै थाके जस्तो देखिन्छन्।

कहिलेकाहीँ पछि पर्न सक्छु तर गलत बाटोमा दौडिएर अगाडि पुग्न चाहन्न
कहिलेकाहीँ हार्न सक्छु
तर मूल्यमान्यता गुमाएर जित्न चाहन्न म।
गन्तव्यमा ढिलो पुग्न सक्छु, साथमा आत्मसम्मान लिएर
पुग्नेछु म,
आज असफल जस्तो देखिन सक्छु
तर अवस्य भोलि मेरो सफलता गर्वका साथ देखाउने छु म।

## कविता



# बाटोहरु

***

एमवी खड्का

बाटोहरु
यात्री खोज्दै खोदै घर सम्म आँउछन
पाईताला सम्म आँउछन
मलाई खोज्दै आउने केही बाटोहरु
म सम्म आउछन् र विश्राम गर्छन
बाटोले विश्राम गरेपछी
म पनि विश्राम गर्छु
विश्राम गर्दा गर्दा थाकेर जिन्दगी
थकाई मार्न यात्रा गर्छु-
जिन्दगीको एउटा बाटो सीत

मलाई लिएर हिंडीरहेको एउटा बाटोको पछिपछि
हिँडिरहेको हुन्छु म
कहिकतै नपुग्न हिँडिरहेको हुन्छु
बाटो अघिअघि म पछिपछि
र कहिले म अघिअघी
बाटो पछिपछी
हिडिरहेको हुन्छु
जब कुनै बाटो बीच बाटोमा छोडेर हराँउछ
अलपत्र छोडिन्छु म बाटोमा
यसैगरी पुग्ने ठेगाना नै नभएर हिँडिरहन्छु

हिँड्ने बेला घरको मुलढोका
मेरा पाईतालाको डोब हेरीबस्छ
र आँखामा हेर्न डराँउछ
म हिँडीरहेको बाटोको दाँयाबायाँ
लाम लागेर लस्करै उभिन्छन
घरहरु महलहरु झुपडीहरु
र बिदाईको हात हल्लाउँदै
आँखा भिजाउछन

यसपटक पनि
फेरि यात्रामा निस्केको छु
बाटोको पछिपछी
पुग्ने ठेगाना बिना नै हिँडेको छु ।

## कविता



# हम छि मधेसी

***

प्रविण साह
जनता साहित्यिक मञ्च गौरिडाँडा माथिल्लो
सदन बर्दिवास, महोत्तरी

हाँ हम छि मधेसी मिथिलाक सन्तान
संस्कृति हमर, हमर अछि पहिचान
मटिक सुगन्ध गामक माया
इ धरोहर से भरल अछि माया।

अतित हमर सैर्षका गाथा
दु:ख सहि लेखल गौरवके कथा
मेहनत, इमान, प्रेमकसँग
बदल सभयाता बनल रंग।

सीता माता हमर शान छयि त्याग प्रेमक उजियार
राजा जनक ज्ञानसँ रोशन अछि संसार
मेहनत हमर पहिचान अछि इमान हमर बल
देशक विकासमे मधेसी देलहुँ सदिखन सफल फल।

छटक आरधना,सुम्मा चकेवा
झिझिया,झुमर लोकल सेवा
पाग धोती, साडीक शान
मधेसक बढावै सदा सम्मान।

भाषा मैथिली, भोजपुरी, ठेठी, मगही
सबमे बसल आपना मिठास है
मेलमिलाप आ-आपसी प्यार
एहने अछि मधेसके संसार।

हम न झुकब न हार मानक अपन संस्कृति सदा बचायब
गर्व से कहब संसारके बिच
हम छि मधेसी हमर पहिचान निक ।

## कविता



# जराको मूल्य

***

बिर्ख क्षेत्री

पीपल जराको पूजा हुँदैन,
सालको जरा बिक्री हुँदैन,
गुराँसको जरा गन्ती हुँदैन,
आँपको जरा तोरण हुँदैन,
र, सयपत्रीको जरा माला हुँदैन ।

धानको जराको खीर हुँदैन,
सुन्तलाको जरा चुस्नु हुँदैन,
सागको जरा सिन्की हुँदैन,
टमाटरको जरा अचार हुँदैन,
र, तोरीको जरा तेल हुँदैन ।

आलु, पिँडालुको मूल्य हुन्छ,
मूला, गाजरको मूल्य हुन्छ,
तरुलहरुको भाउ हुन्छ,
भुइँस्याउ पनि बिक्री हुन्छ,
तर ती वर्ष दिनमै उखेलिन्छ ।

साथी, म त जरा हुँ, जरा !
वर-पीपलहरु बोकिरहन्छु,
सयपत्रीहरु फुलाइरहन्छु,
सुन्तलाहरु फलाइरहन्छु,
र, धानहरु झुलाइरहन्छु ।

यसकारण:
म कुनै जात्राहरुमा देखिन्नँ,
कुनै भान्साहरुमा देखिन्नँ,
कुनै मञ्चहरुमा देखिन्नँ,
र, कतै समाचारमा पनि भेटिन्नँ ।

साथी !
जराहरुको जीवन नै,
टुप्पाहरु फुलाउनु हो ।
आफूलाई लुकाएर,
म टुप्पाहरुको मूल्य बढाइरहको छु ।

# लोकसेवा परीक्षाको तयारी सामग्री

**धिरेन्द्र कुमार महतो**
प्रस्तुतकर्ता



**१. दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता कहिलेदेखि कहिलेसम्म सञ्चालन हुने भएको छ?**
क) मंसिर १-१४, २०८३
ख) मंसिर १०-२५, २०८३
ग) मंसिर १६-२९, २०८३
घ) पुस १-१४, २०८३

**दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०८३**
- आयोजना : वि.सं. २०८३ मंसिर १६ देखि २९ गतेसम्म
- संस्करण : १० औ
- कहाँ : सुर्खेतको वीरेन्द्रनगरमा कर्णाली प्रदेश ।
- निर्णयः राष्ट्रिय खेलकुद परिषद् (राखेप) को १२५औं बोर्ड बैठकले यो निर्णय गरेको हो ।
- मस्कट र लोगो :
  - ✓ लोगो र मास्कोट सार्वजनिक मिति : वि.सं. २०८१ चैत्र ५ गते
  - ✓ मस्कटमा लोपोन्मुख 'रेड पाण्डा' (हाब्रे) रहेको छ ।
  - ✓ लोगोमा सात रङ्ग, नेपालको झण्डा (चन्द्र र सूर्य), कर्णाली नदी, हिमाल, पहाड, तराई र शान्तिको प्रतीक परेवा समावेश गरिएको छ।
  - ✓ लोगो मास्कट तयार गर्ने : विकास तमखु

**नवौं औय राष्ट्रिय खेलकुद २०७९**
- वि.सं. २०७९ वैशाख २४ मा नवौं राष्ट्रिय खेलकुदको लोगो, मस्कट र नारा सार्वजनिक गरिएको थियो ।
- वि.सं. २०७९ असोज २८ गते देखि कात्तिक ३ सम्म गण्डकी प्रदेशमा सम्पन्न ।
- मस्कट : लोपोन्मुख तथा संरक्षित प्राणी कस्तुरी मृग
- लोगो माछापुच्छ्रे हिमाललाई रेखाकृतिमा राखिएको आकाशे निलो आकृतिले शान्तिको प्रतिक परेवालाई प्रतिबिम्बित गरेको छ भने रातो रङको चार धर्माले साविकको प्रदेश नं. ४ लाई जनाएको छ। लागो भोलानाथ पौड्यालले निर्माण गरेका हुन् ।
- नारा : "एकताबद्ध देश, खेलकुदको सन्देश" जसलाई सुयोग्य राज काफ्ले तयार पारेका हुन् ।
- नवौं राष्ट्रिय खेलकुदमा पहिलो पटक डोपिङ परीक्षण गरिएको ।
- नवौं राष्ट्रिय खेलकुदमा प्रतिस्पर्धाका क्रममा दुर्घटनामा परी निधन भएका प्याराग्लाइडिङ खेलाडी निसिम थापालाई मानार्थ स्वर्ण पदकले सम्मान गर्दै उनको सालिक निर्माण गर्ने निर्णय गरिएको ।
- सबैभन्दा कान्छो खेलाडी रितिका बुमी (७ वर्ष २२ दिन, (पौडी) सुदुरपश्चिम)
- सबैभन्दा बढी उमेरका खेलाडी धनबहादुर घले (६१ वर्ष ४ महिना (स्क्वास) कोशी प्रदेश)
- सबैभन्दा धेरै स्वर्ण पदक बिजेता डुवाना लामा (पोडी, ९ स्वर्ण)
- एथलेटिक्सकी जयरानी थारुले पाँच इभेन्टमा पाँचवटामै स्वर्ण पदक जितेको ।
- भारोत्तोलनकी तारादेवी पुनले चौथो राष्ट्रिय खेलकुदबाट नवौंसम्म स्वर्ण पदक जित्ने कीर्तिमान बनाएको ।

**नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको पदक तालिका**

| क्र.स. | टोली | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|---|
| १. | नेपाल आर्मी | १७२ | ११० | ८९ | ३७१ |
| २. | एपीएफ | ६५ | ७३ | ८१ | २१९ |
| ३. | नेपाल प्रहरी | ६१ | ६१ | ७३ | १९५ |
| ४. | गण्डकी प्रदेश | ३२ | ३१ | ५७ | १२० |
| ५. | बागमती प्रदेश | २४ | ४७ | ७४ | १४५ |
| ६. | कोशी प्रदेश | १० | २३ | ५० | ८३ |
| ७. | सुदूरपश्चिम प्रदेश | १० | १० | ४३ | ६३ |
| ८. | एनआरएनए | १० | ९ | ७ | २६ |
| ९. | लुम्बिनी प्रदेश | ६ | २२ | ४० | ६८ |
| १०. | मधेश प्रदेश | ५ | ८ | २६ | ३९ |
| ११. | कर्णाली प्रदेश | २ | ४ | १२ | १८ |

**राष्ट्रिय खेलकुद सुरु देखि हालसम्म**

| खेलकुद | मिति (वि.सं.) | स्थान | खेलकुद सङ्ख्या | मस्कट | खेलाडी सङ्ख्या | बिजेता |
|---|---|---|---|---|---|---|
| प्रथम | २०३८ भदौ २७ असोज ४ | काठमाडौं | १६ | डाँफे | १४४३ | बागमती |
| दोस्रो | २०४० चैत १२-२० | पोखरा | २५ | लालिगुराँस | २५०७ | बागमती |
| तेस्रो | २०४२ फागुन २३- चैत १ | बीरगंज | २६ | बाघ | २७७४ | बागमती |
| चौथो | २०५५ चैत ८-१४ | नेपालगन्ज | १२ | कृष्णसार | १६६३ | मध्यमाञ्चल |
| पाचौ | २०६५ चैत २४-३० | काठमाडौं | ३२ | रातोपाण्डा | ३१७३ | मध्यमाञ्चल |
| छैठौं | २०६८ फागुन १४-२१ | धनगढी कैलाली | ३१ | ब्राहसिघा | ३६२८ | मध्यमाञ्चल |
| सातौं | २०७३ मङ्सिर ११-१८ | पूर्वाञ्चल | ३१ | अर्ना | २९७२ | नेपाल आर्मी |
| आठौं | २०७६ वैशाख ५-११ | नेपालगञ्ज | ३५ | हात्तीकोछावा | ५२११ | नेपाल आर्मी |
| नवौं | २०७९ असोज २८ कात्तिक ३ | गण्डकी प्रदेश | ३६ | कस्तुरी मृग | ६१५७ | नेपाल आर्मी |
| दशौं | २०८३ मंसिर १६ देखि २९ | कर्णाली प्रदेश | ३५ | रेडपाण्डा | - | - |

**२. NPL (नेपाल प्रिमियर लिग) तेस्रो संस्करणको खेल सञ्चालन मिति कुन हो?**
(क) वि.सं. २०८३ कार्तिक ९ देखि मङ्सिर ५ गतेसम्म
(ख) वि.सं. २०८३ असोज १ देखि २५ गतेसम्म
(ग) वि.सं. २०८३ पुस १० देखि माघ ५ गतेसम्म
(घ) वि.सं. २०८३ भाद्र १५ देखि असोज १० गतेसम्म
उत्तरः (क) वि.सं. २०८३ कार्तिक ९ देखि मङ्सिर ५ गतेसम्म

**NPL (नेपाल प्रिमियर लिग) तेस्रो संस्करण**
- खेल सञ्चालन मितिः वि.सं. २०८३ कार्तिक ९ देखि मंसिर ५ गतेसम्म
- खेल स्थानः त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान, कीर्तिपुर, काठमाडौं
- सहभागी टोलीहरू (८ वटा): जनकपुर बोल्ट्स, सुदूरपश्चिम रोयल्स, काठमाडौं गोर्खाज, चितवन राइनोज, विराटनगर किङ्स, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स र कर्णाली याक्स
- जम्मा खेल सञ्चालन हुने संख्याः ३२
- आयोजकः नेपाल क्रिकेट सङ्घ (क्यान)
- पहिलो सिजनको विजेताः जनकपुर बोल्ट्स (उप-विजेताः सुदूरपश्चिम रोयल्स)
- दोस्रो सिजनको विजेताः लुम्बिनी लायन्स (उप-विजेताः सुदूरपश्चिम रोयल्स)

**३. सामुदायिक वन दिवस २०८३ को नारा के हो?**
(क) सामुदायिक वनः हरियो वन, समृद्ध धन
(ख) अबको सामुदायिक वनः युवा सहभागिता, हरित अर्थतन्त्र र दिगो व्यवस्थापन
(ग) वन संरक्षणः हाम्रो दायित्व
(घ) दिगो वन व्यवस्थापन र जलवायु परिवर्तन
उत्तरः (ख) अबको सामुदायिक वनः युवा सहभागिता, हरित अर्थतन्त्र र दिगो व्यवस्थापन

**राष्ट्रिय भू-संरक्षण दिवस र सामुदायिक वन दिवस २०८३**
- राष्ट्रिय भू-संरक्षण दिवसः साउन २४ गते मनाइन्छ। यो दिवस मनाउन सुरु वि.सं. २०३१ साउन २४ गते (भू तथा जलाधार संरक्षण विभाग स्थापना भएको दिनको स्मरणमा) भएको हो।
- राष्ट्रिय भू-उपयोग नीति, २०७५ अनुसार नेपालको भू-उपयोग अवस्थाः कृषि क्षेत्र २७% र वन तथा बुट्यान क्षेत्र ४४% रहेको छ।
- सामुदायिक वन दिवसः श्रावण २५ गते मनाइन्छ।
- वि.सं. २०८३ को नाराः "अबको सामुदायिक वनः युवा सहभागिता, हरित अर्थतन्त्र र दिगो व्यवस्थापन"।
- नेपालको पहिलो सामुदायिक वनः बाजथलो सामुदायिक वन, सिन्धुपाल्चोक।
- सामुदायिक वन कार्यक्रम लागु भएको वर्षः आर्थिक वर्ष २०४९/५०।
- नेपालमा वन तथा झाडी/बुट्यानको अवस्थाः कुल वन तथा झाडी/बुट्यान क्षेत्र ४६.०८%, वन क्षेत्र ४३.३८%, र झाडी तथा बुट्यान २.७०% रहेको छ। नेपालमा औसत प्रतिव्यक्ति वन क्षेत्र ०.५ हेक्टर रहेको छ।

**४. नेपालको १२औं 'वन संरक्षण क्षेत्र' कुन हो?**
(क) बडिमालिका-रामारोशन वन संरक्षण क्षेत्र
(ख) गोदावरी फुल्चोकी वन संरक्षण क्षेत्र
(ग) लालझाडी-मोहना वन संरक्षण क्षेत्र
(घ) रेसुङ्गा वन संरक्षण क्षेत्र
उत्तरः (क) बडिमालिका-रामारोशन वन संरक्षण क्षेत्र

**नेपालमा वन संरक्षण क्षेत्रको संख्या १२ पुग्यो**
- नयाँ घोषणाः वि.सं. २०८३ साउन १९ गतेको निर्णयअनुसार २०८३ साउन २७ गते बाजुराको बडिमालिका र अछामको रामारोशन क्षेत्रलाई जोडेर 'बडिमालिका-रामारोशन वन संरक्षण क्षेत्र' घोषणा गरिएको छ। यससँगै नेपालमा वन संरक्षण क्षेत्रको कुल संख्या १२ पुगेको छ। यसको क्षेत्रफल ४९,४०४ हेक्टर रहेको छ।
- नेपालमा संरक्षित क्षेत्रहरूको स्थितिः
- राष्ट्रिय निकुञ्जहरूः १३ वटा (५.०२ प्रतिशत)
- संरक्षण क्षेत्रहरूः ६ वटा (१०.४८ प्रतिशत)
- वन्यजन्तु आरक्षः १ वटा (०.१२ प्रतिशत)
- शिकार आरक्षः १ वटा (०.९० प्रतिशत)
- वन संरक्षण क्षेत्रः १२ वटा
- मध्यवर्ती क्षेत्रहरूः १४ वटा (३.५६ प्रतिशत)
- कुल संरक्षित क्षेत्रः २९ वटा (२३.३९ प्रतिशत)

**५. मोडल हन्ट नेपाल २०२६ को महिला तर्फको उपाधि कसले जितेकी छिन्?**
(क) दीपमाला ढकाल
(ख) आर्या निशांत
(ग) लिजा श्रेष्ठ
(घ) दीपिका शर्मा
उत्तरः (ग) लिजा श्रेष्ठ

**मोडल हन्ट नेपाल २०२६**
- मोडल हन्ट नेपाल २०२६ (१०औं संस्करण):
- महिला तर्फ विजेताः लिजा श्रेष्ठ
- पुरुष तर्फ विजेताः परन्तप भण्डारी
- २०२५ का विजेताहरूः महिला तर्फ नेहा बुढा र पुरुष तर्फ विवश विष्ट
- अन्तर्राष्ट्रिय सहभागिताः विजेताहरूले आगामी डिसेम्बरमा कम्बोडियामा हुने 'मिस एन्ड मिस्टर सेलिब्रिटी इन्टरनेसनल' मा नेपालको प्रतिनिधित्व गर्नेछन्।

**६. चीनको म्याग्लेभ ट्रेनले ८०० किमि/घण्टाको गति कति समयमा हासिल गर्दछ?**
(क) ३.५ सेकेन्ड
(ख) ५.३ सेकेन्ड
(ग) ८.० सेकेन्ड
(घ) १० सेकेन्ड
उत्तरः (ख) ५.३ सेकेन्ड

**चीनको म्याग्लेभ ट्रेन परीक्षण**
- परीक्षण मितिः वि.सं. २०८३ भदौ १३ गते।
- देश तथा स्थानः चीनको हुबेईस्थित डोङ्हु प्रयोगशाला।
- प्रविधिः म्याग्लेभ ट्रेन।
- अधिकतम गतिः ८०० किमि/घण्टा।
- गति हासिल गर्ने समयः ५.३ सेकेन्ड।
- रोक्ने दूरीः करिब २०० मिटर।
- संभावित प्रयोगहरूः ज्यउभचयियउ यातायात, रकेट प्रक्षेपण प्रणाली र लडाकु विमान प्रक्षेपण प्रणाली।

बढ्दो साइबर अपराध :

# एक वर्षमा २० हजार बढी उजुरी दर्ता, १५५ जना पक्राउ

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, साउन २९ गते ।*

सामाजिक सञ्जाल तथा डिजिटल प्रविधिको दुरुपयोगसँगै साइबर अपराधका घटना बढ्दै गएको पाइएको छ । आर्थिक वर्ष २०८२/८३ मा मात्रै साइबर अपराधसम्बन्धी २० हजार ५२६ वटा निवेदन प्रहरीमा दर्ता भएका छन् । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार उक्त अवधिमा साइबर अपराधसम्बन्धी १६१ वटा मुद्दा दर्ता भएका छन् भने १५५ जना पक्राउ परेका छन् । सामाजिक सञ्जालको दुरुपयोग गरी ब्ल्याकमेल गर्ने, ठगी गर्ने, अनलाइन स्क्यामिङ गर्ने तथा विभिन्न डिजिटल प्रणालीमा अनधिकृत पहुँच पुऱ्याउनेलगायतका गतिविधिमा संलग्नलाई साइबर ब्यूरोले अनुसन्धान गरी कानुनी दायरामा ल्याउँदै आएको छ ।

साइबर अपराधका घटनामा फेसबुक/म्यासेन्जरको दुरुपयोगसम्बन्धी सात हजार १२३ वटा निवेदन परेका छन् । त्यस्तै टिकटकका छ हजार ७७६, ह्वाट्सएपका तीन हजार १०५, टेलिग्रामका एक हजार ३१, इन्स्टाग्रामका ६२८ र इमेलका ११४ वटा निवेदन दर्ता भएका छन् । त्यसैगरी इसेवा, खल्ती, बैंक खाता तथा एसएमएससँग सम्बन्धित ७४४, संस्थासम्बन्धी ८४६, युट्युबका ६४, इमोका ३८, भाइबरका २१, वीच्याटका १४ तथा ट्वीटर र गुगलका ११/११ वटा निवेदन परेको प्रहरीले जनाएको छ । आर्थिक वर्ष २०८१/८२ मा साइबर अपराधसम्बन्धी १८ हजार ९२६ र आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ७३० वटा निवेदन दर्ता भएका थिए । यसले पछिल्लो समय साइबर अपराधसम्बन्धी उजुरीको संख्या उल्लेख्य रहेको देखाउँछ । साइबर ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक दिलीपकुमार गिरीले सामाजिक सञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग पनि बढिरहेको बताए । उहाँका अनुसार पछिल्ला दुई आर्थिक वर्षका उजुरीको प्रवृत्ति हेर्दा बैंक तथा वालेटको कर्मचारी भएको भन्दै खातामा पहुँच पुऱ्याएर ठगी गर्ने, गिफ्ट, लोटरी तथा पार्सलको बहानामा रकम असुल्ने, प्रेम सम्बन्धमा पारेर ठगी गर्ने र वैदेशिक रोजगारीको प्रलोभन देखाएर ठगी गर्ने प्रवृत्ति बढेको छ ।

त्यस्तै टेलिग्राम, ह्वाट्सएप तथा इन्स्टाग्राममा अनलाइन जबको प्रलोभन देखाउने र अनलाइन सपिङका नाममा ठगी गर्ने घटना पनि बढिरहेको प्रहरीले जनाएको छ । पछिल्लो समय नुवाकोटका ३४ वर्षीय सुरेन्द्रप्रसाद खनाललाई इमेलमार्फत अश्लील सन्देश पठाई महिलाको चरित्र हत्या गरेको आरोपमा असार २६ गते पक्राउ गरिएको थियो । नुवाकोटकै १९ वर्षीय विवेक सुनारलाई सामाजिक सञ्जाल फेसबुक ह्याक गरी अनधिकृत पहुँच पुऱ्याएर ठगी गरेको आरोपमा असार २४ गते पक्राउ गरिएको थियो । त्यस्तै इसेवाको कर्मचारी भएको भन्दै ठगी गरेको आरोपमा रौतहटका २२ वर्षीय शुभम साह असार २ गते पक्राउ परेका थिए । प्रविधिको दुरुपयोगबाट अपराधका नयाँ शैली र प्रवृत्ति देखिन थालेपछि अनुसन्धान कार्य थप चुनौतीपूर्ण बन्दै गएको प्रहरीको भनाइ छ । साइबर अपराधमा संलग्नलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा कारबाही हुने गरेको नेपाल प्रहरीले जनाएको छ ।

# विपद् पूर्वतयारी सिकाउँदै

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन २९ गते ।*

महोत्तरीमा विद्यालय स्तरबाटै विपद्का समयमा हुने जोखिम न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीसम्बन्धी अभ्यास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समिति, एकीकृत ग्रामीण विकास समाज बर्दिवास, वर्ल्ड भिजन इन्टरनेशनल नेपाललगायतका निकायको समन्वयमा कार्यक्रम संचालन गरिएको हो ।

कार्यक्रममा बाढी, आगलागी, भूकम्पलगायतका विपद्का समयमा अपनाउनुपर्ने सावधानी, उद्धार तथा प्रतिकार्यका उपायबारे जानकारी गराइएको थियो ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले विपद् आइपरेपछि उद्धार र राहतमा मात्र केन्द्रित हुनुभन्दा त्यसअघि नै आवश्यक पूर्वतयारी गर्नुपर्नेमा जोड दिए ।

उनले विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय, स्थानीय तह, सुरक्षा निकाय र समुदायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए । उनले विपद् व्यवस्थापनसम्बन्धी ज्ञान र व्यवहारिक सीप विद्यालयस्तरबाटै विद्यार्थीलाई प्रदान गर्न सके सो को सकारात्मक प्रभाव परिवार हुँदै समुदायसम्म पुग्ने र विपद्को समयमा आफू सुरक्षित रहँदै अरूलाई समेत सहयोग गर्न सक्ने क्षमता विकास गर्नु अहिलेको आवश्यकता रहेको बताए ।

सहभागीहरुलाई विपद्को जोखिम पहिचान, सुरक्षित स्थानको छनोट, आपत्कालीन अवस्थामा अपनाउनुपर्ने सावधानी तथा उद्धार र प्रतिकार्यका आधारभूत उपायबारे अभ्याससमेत गराइएको थियो ।

कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, जिल्ला विपद् व्यवस्थापन समितिका प्रतिनिधि, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा विभिन्न संघसंस्थाका प्रतिनिधि, विद्यार्थी र शिक्षकसमेतको उपस्थिती रहेको थियो ।

# मधेशको आर्थिक विकासमा नीति र उद्यमशीलतामाथि बहस



**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, साउन २९ गते ।*

नेपाल युवा उद्यमी मञ्च (एनवाईईएफ) जनकपुर अध्यायले आयोजना गरेको पहिलो सिकाइ सत्रमा मधेश प्रदेशको आर्थिक विकासका लागि स्पष्ट नीति, लगानीमैत्री वातावरण र युवा उद्यमशीलतालाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ ।

'मधेश २०३०: दृष्टि, नीति तथा आर्थिक वृद्धि' विषयमा आयोजित कार्यक्रममा मधेश प्रदेशसभाका सभामुख रामआशिष यादवले प्रदेशको समृद्धिका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताए । उनले मधेशमा उपलब्ध प्राकृतिक स्रोत, कृषि, उद्योग, पर्यटन तथा मानव पुँजीको सदुपयोग गर्दै उत्पादन र रोजगारी बढाउनेतर्फ प्रदेशको नीति केन्द्रित हुनुपर्ने धारणा राखे । उद्यमी र लगानीकर्ताका लागि सहज वातावरण निर्माण गर्न नीतिगत सुधार, पूर्वाधार विकास तथा सुशासनलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो ।

सभामुख यादवले युवा पुस्तालाई रोजगारी खोज्नेभन्दा रोजगारी सिर्जना गर्ने दिशामा अघि बढाउन उद्यमशीलताको वातावरण बनाउनुपर्नेमा जोड दिए । युवाको सिर्जनशीलता, सीप र प्रविधिको प्रयोगलाई आर्थिक विकाससँग जोड्न सके मधेशको सम्भावनालाई व्यवहारमा रूपान्तरण गर्न सकिने उनले बताए ।

कार्यक्रममा मधेशमा लगानीका सम्भावना, औद्योगिक विकास, पूर्वाधार, सार्वजनिक नीति, सुशासन तथा सरकार-निजी क्षेत्र सहकार्यका विषयमा समेत छलफल भएको थियो ।

सहभागी युवा उद्यमीहरूले प्रदेशमा व्यवसाय सञ्चालन गर्दा देखिएका समस्या, लगानीका अवसर तथा नीतिगत चुनौतीबारे सभामुख यादवसँग प्रत्यक्ष प्रश्नोत्तर गरेका थिए । प्रश्नोत्तरले मधेशमा उद्यमशीलता प्रवर्द्धनका लागि आवश्यक नीति र आगामी कार्यदिशाबारे थप अन्तरक्रियाको अवसर प्रदान गरेको आयोजकले जनाएको छ ।

एनवाईईएफ जनकपुर अध्यायका अनुसार सिकाइ सत्र शृङ्खलाको पहिलो कार्यक्रमका रूपमा आयोजित उक्त कार्यक्रमले मधेशलाई उद्यमशील, लगानीमैत्री र आर्थिक रूपमा गतिशील प्रदेश बनाउने साझा दृष्टिकोण निर्माण गर्न महत्वपूर्ण आधार तयार गरेको छ । मञ्चले आगामी दिनमा पनि युवा उद्यमी, नीति निर्माता तथा निजी क्षेत्रका सरोकारवालाबीच नियमित संवाद र ज्ञान आदानप्रदानका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

# खैरो हिरोइनसहित युवक पक्राउ

**जनकपुरधाम :** धनुषामा लागुऔषध खैरो हिरोइनजस्तो देखिने पदार्थसहित एक युवक पक्राउ परेका छन् । प्रहरीले विशेष सूचनाका आधारमा औरही गाउँपालिका-५ स्थित डिप बोरिङभित्र बसिरहेका विदेह नगरपालिका-८ का २८ वर्षीय उमेश मण्डललाई पक्राउ गरेको हो । शंकास्पद अवस्थामा भेटिएका मण्डललाई चेकजाँच गर्दा उनको साथबाट डब्बासहित ६५ दशमलव ४४० ग्राम र डब्बाबाहेक ३९ दशमलव ३६० ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ बरामद भएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी मधुसुधन न्यौपानेले जानकारी दिए । उनको साथबाट लागुऔषध नापतौल गर्न प्रयोग हुने डिजिटल तराजुसमेत बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद पदार्थ, डिजिटल तराजुसहित मण्डललाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## मधेशमा कर्मचारीको तलब...

न्यूनीकरण गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको 'क्लाइमेटिक एडाप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फर क्लाइमेट रेजिलियन्ट भ्यालु चेन्स फर फुड सिस्टम ट्रान्सफर्मेसन इन मधेश प्रदेश, नेपाल' सम्बन्धी अध्ययन प्रतिवेदन पनि मन्त्रिपरिषद्ले सर्वसम्मतिले अनुमोदन गरेको छ । प्रतिवेदनका निष्कर्ष र रणनीतिलाई कार्यान्वयनमा ल्याउने तथा सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा सार्वजनिक गर्ने निर्णयसमेत बैठकले गरेको छ । यसबाट मधेशको कृषि तथा खाद्य प्रणालीलाई जलवायु उत्थानशील बनाउन राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग पुग्ने सरकारका अर्थमन्त्री भट्टराईको भनाइ छ ।

## एकै परिवारका...

-८ बफैंका साहसहितको जाहेरीका आधारमा उनीहरूमाथि धनुषा प्रहरीले पक्राउ गरी अनुसन्धान अघि बढाइएको थियो ।

धनुषा प्रहरीका अनुसार पक्राउ परेका गोपालको जनकपुरधामस्थित घरबाट ५० थान जग्गाधनी पुर्जा, १८ थान नागरिकता लगायतको कागजात तथा ल्यापटप बरामद गरेको थियो ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

➢ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➢ ICU, NICU, PICU सेवा
➢ X-Ray, USG, CT Scan सेवा
➢ Endoscopy/Diode Laser सेवा
➢ Laproscopy सेवा
➢ क्याबिनको समेत व्यवस्था भएको
➢ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➢ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री